# नेपाली कृषिकर्मको महिलाकरणः किन र कसरी

सुजाता तामाङ्[1] र करिश्मा गुरुङ्[2]

## १. परिचय

यो लेखको मुख्य उद्देश्य नेपालको कृषिमा महिलाकरण, यसका कारण र प्रभावबारे विश्लेषण गर्नु हो । नेपालको विभिन्न नौवटा जिल्लाका विभिन्न गाउँमा गरिएको घरधुरी सर्वेक्षण, समूह छलफल तथा जानकारसँगको अन्तर्वार्ताका साथै यसअघि यस विषयमा भएका अध्ययनको समीक्षाका आधारमा यो लेख तयार गरिएको हो । यो लेखको लागि आवश्यक प्रारम्भिक तथ्यांक वि.सं. २०७२ मा संकलन गरिएको हो । यस लेखको प्रस्तुतिमा सबैभन्दा पहिले कृषिकर्मको महिलाकरणको अहिलेको अवस्था तथा मुख्य कारणबारे विश्लेषण गरिएको छ भने दोस्रो भागमा यसका प्रभावबारे छलफल गरिएको छ। कृषिकर्मको महिलाकरणका मुख्य कारणमा कृषिबाट पुरुष पलायन, कृषिबाट हुने आम्दानीमा कमी, कृषि पेशाको घट्दो लोकप्रियता (हेयको पेशा), सहरोन्मुख बसाइसराइ, ववैदेशिक रोजगार र नीतिगत असफलता आदि पाइएको छ । त्यसैगरी मुख्य प्रभावमा महिलाको कार्यबोझ, बाँझो जमिन, श्रम अभाव, उत्पादनमा कमी, बढ्दो खाद्यवस्तु आयात, बढ्दो खाद्य असुरक्षा, कृषि सेवामा पहुँच बृद्धि, महिला उद्यमशीलता, लैंगिक समावेशिता र निर्णयमा पहुँच पाइएको छ। यस अध्ययनको नतिजाअनुसार महिलाकरणका प्रभावमध्ये महिला उद्यमशीलता, लैंगिक समावेशिता र निर्णयको पहुँचमा वृद्धि हुनुलाई सकारात्मक प्रभावका रूपमा तथा कार्यबोझ, बाँझो जमिन, श्रम अभाव, उत्पादनमा कमी, बढ्दो खाद्यवस्तु आयात, बढ्दो खाद्य असुरक्षालाई नकारात्मक प्रभावका रूपमा लिइएको छ । यस अध्ययनले यसका सकारात्मक प्रभावलाई संस्थागत गर्ने तथा नकारात्मक प्रभावलाई सम्बोधन गर्न सकिए महिला सशक्तीकरण तथा उनीहरुको समग्र आर्थिक सामाजिक पहुँच तथा सहभागितामा वृद्धि हुन सक्ने देखाएको छ । कृषिमा महिलाकरणको प्रभाव सबै वर्ग तथा समुदायमा समान रूपले नपर्ने भएकोले अहिलेसम्म देखिएको महिलाकरणका प्रभावको असर कुन वर्ग र समुदायमा कुन तहसम्म परेको छ भन्ने कुराको विश्लेषण गर्न थप अध्ययन गर्नुपर्ने देखिन्छ ।

## २. पृष्ठभूमि

सामाजिक तथा आर्थिक रूपमा आएको परिवर्तनसँगसँगै नेपालको कृषि क्षेत्रमा दिनप्रतिदिन महिलाकरण बढ्दो छ । परम्परागत रूपमा रहेको पुरुषप्रधान कृषि कामको जिम्मा एकाएक महिलाको काँधमा आइपुगेको छ। तर महिलामैत्री नीति, संस्थागत संरचना र अनुकूल प्रविधि नहुँदा यो कृषि कर्मको भूमिकामा आएको फेरबदल महिला किसानका लागि अवसरको रूपमा भन्दा पनि झन बोझिलो हुँदै गएको देखिन्छ । सामाजिक तथा आर्थिक परिवेशमा आएको फेरबदलसँगै खेतीपातीमा महिलाको बढ्दो संलग्नतालाई रणनैतिक तवरमा सम्बोधन गर्दै महत्वपूर्ण निर्णयमा उनीहरुको सहभागिता र पहुँच बढाउन सकिएमा कृषिकर्ममा समर्पित महिलाको उद्यमशीलता साथै समग्र सामाजिक र आर्थिक विकासका लागि कृषिकर्मको महिलाकरण महत्वपूर्ण अवसर हुन सक्ने देखिन्छ ।

नेपालको ग्रामीण क्षेत्रमा व्यापक रूपमा भइरहेको सामाजिक तथा आर्थिक परिवर्तनसँगै आएको फेरबदलका विविध कारणमध्ये बढ्दो सहरीकरण, घट्दो उत्पादनशील जमिन, कृषिबाट अर्थ तथा श्रमको लगानी भन्दा कम उत्पादन र बढ्दो नगदको आवश्यकता आदि पर्दछन्। प्रत्येक परिवारलाई दैनिक उपभोग्य वस्तु विशेषगरी खाद्य लगायत शिक्षा

१ लेखक न्यू साउथ वेल्स विश्वविद्यालय अष्ट्रेलियामा अध्ययनरत तथा फरेष्टएक्सन नेपालमा अनुसन्धानकर्ताका रुपमा कार्यरत हुनुहुन्छ । सम्पर्कः sujutamang@gmail.com

२ लेखक फरेष्टएक्सन नेपालमा कृषि अनुसन्धानकर्ताका रुपमा कार्यरत हुनुहुन्छ ।

र स्वास्थ्यमा नगदको आवश्यकता पर्दछ। यस्तो नगद व्यवस्थापन गर्न प्रायजसो परिवारले वैदेशिक रोजगारीलाई मुख्य स्रोत बनाएका छन् । वि.सं. २०६८ को तथ्यांकअनुसार वैदेशिक रोजगारीको आम्दानीको लगभग ७९ प्रतिशत रकम खाद्यमा जाने गरेको छ (CBS 2011)। श्रमको हिसाबले योग्य मुख्यगरी पुरुषहरू सहरी र वैदेशिक रोजगारीको खोजीमा बाहिरिने क्रमसँगै जोडिएको वैदेशिक भुक्तानी, ग्रामीण जनजीवन र जीविकोपार्जनको परिवर्तनको मुख्य कारकका रूपमा देखा परेको छ (Adhikari and Hobley 2011; Tamang 2011; Paudel *et al.* 2012)। वैदेशिक भुक्तानी घरले प्राप्त गर्दछ तर यसको मोटो हिस्सा उपभोग्य वस्तुहरू: खाना, लत्ताकपडा र अन्य उपभोग्य वस्तुमा जाने गरेको छ। वैदेशिक भुक्तानीले ग्रामीण समुदायको नगद तथा उपभोग्य वस्तुमा परनिर्भरता, शहर र बजारमाथि पहुँच तथा भौतिक विकासमा वृद्धि गराएको छ ।

पुरुषहरू विशेषगरी युवा रोजगारीका लागि शहर पस्ने तथा बिदेसिने क्रम बढेको छ विश्वव्यापी रूपमा नै बढेको छ (Deere 2009; Whitehead 2009)। नेपालबाट पनि यसरी बिदेसिनेको संख्यामा वृद्धि हुँदा युवावर्ग विशेषगरी पुरुषको जनसंख्या ग्रामीण क्षेत्रमा दिनप्रतिदिन घटिरहेको छ। यसको प्रभाव मुख्यत: खेतीपातीमा परेको छ (Cornhiel 2006; Kelker 2009; Gartaula *et al.* 2010; Maharjan 2010; Kollmair 2011)।

अहिले पनि ग्रामीण क्षेत्रका धेरै घरपरिवारको घरायसी आम्दानी र रोजगारीको मुख्य स्रोत भनेको कृषि नै हो । कुल जनसंख्याको ६५.७ प्रतिशत जनता कृषि पेशामा संलग्न छन् (MoAD 2015)। तर हालको बढ्दो युवा बाहिरिने क्रमले कृषि पेशामा संलग्न हुनेको संख्या दिनप्रतिदिन घट्दै गएको छ- जसले गर्दा महिलामा कृषि कर्मको थप जिम्मेवारी थपिएको छ। एक दशक लामो माओवादी जनयुद्धमा युवाको सहभागिता या गाउँबाट द्वन्द्वको डरले भाग्नुले पनि नेपाली कृषि कर्मको महिलाकरण हुनुमा थप भूमिका खेलेको छ (Karki & Seddon 2003)। हुन त इतिहासदेखि नै कृषिमा महिलाको महत्वपूर्ण भूमिका रहेको छ। आफ्नो घरवरिपरि अन्न तथा अन्य बोटबिरुवाको रेखदेख तथा व्यवस्थापन गर्दै सुरु भएको खेती प्रणाली आधुनिक कृषि विकासको अवधारणामा परिणत भएको हो। यो परम्परागत मानवश्रममा आधारित कृषिबाट रूपान्तरण हुँदै औद्योगिक कृषिको रूपमा विकसित हुँदैछ। महिलाबाट सुरु भएको कृषि बिस्तारै विभिन्न जनावर र कृषि औजार, मेसिन, प्रविधिको विकाससँगै पुरुषको भूमिका महत्वपूर्ण बन्दै गयो। अहिले त कृषि कर्मको स्वामित्व र अधिकार पुरुष केन्द्रित मात्र हुन पुगेको छ यसको अर्थ महिलाले थोरैमात्र काम गर्दछन् या उनीहरूको भूमिका छैन भन्ने भने पक्कै हैन (Lal 2009). झन्डै तीन दशकअघि गरिएको अध्ययनले नेपाली महिलाको भूमिका कृषि उत्पादनका श्रम तथा व्यवस्थापनका दुवै काममा महत्वपूर्ण रहेको देखाएको छ (Acharya & Bennett 1983)। ९० प्रतिशत नेपालीको मुख्य पेशा नै पूर्ण रूपमा कृषि रहेको अवस्थामा र अहिले कृषि पेशामा संलग्न हुनेको संख्या घटेर (६५.६) प्रतिशत पुग्दा समेत कृषि उत्पादन सम्बन्धी काममा महिलाको भूमिका महत्वपूर्ण रहेको र अझै बढ्दै गएको छ। कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा सन २०१० मा ७२.८% महिला र ६०.२% पुरुष कृषि कार्यमा संलग्न थिए (MoAC 2010)। पुरुष बाहिरिएको घरपरिवारको हकमा भने कृषि पूर्ण रूपमा परिवारको महिला सदस्यमा निर्भर बनिसकेको छ- जसले महिलालाई पहिले गरिरहेभन्दा बढी भूमिका निर्वाह गर्न बाध्य गराएको छ (Gartaula *et al.*2010; Tamang *et al.*2014)।

खेतीपातीबाट आम्दानीको तुलनामा लागत बढेपछि आजभोलि जीविकोपार्जनका अन्य अवसरको खोजी गर्ने क्रम निरन्तर बढिरहेको छ (Paudel *et al.*2014)। यसरी बाहिरिने क्रममा अझै बढावा दिने कारणमा कृषिबाट हुने आम्दानी घरायसी खर्च चलाउन पर्याप्त नहुनु पनि हो (Paudel *et al.* 2013)। यो क्रम नेपाल लगायत अन्य देश जस्तै भारत, चीन, बंगलादेश, थाइल्याण्ड आदि देशमा पनि बढिरहेको छ। परम्परागत रूपमा रहेको जमिनमा आधारित जीविकोपार्जन बिस्तारै उद्योग, सेवा तथा व्यापारिक क्षेत्रमा बिस्तार भइरहेको छ (Rig

2006; Benayas *et al.* 2007)। भूमण्डलीकरण र यातायात तथा सञ्चारमा भएको विकासले मानिसलाई उत्तम जीविकाको खोजीमा आफ्नो देशभन्दा बाहिर अस्थायी र स्थायी दुवै रूपमा जान सहज बनाएको छ (Bhadra 2007)। वि.सं. २०७० साउन देखि २०७१ असार मसान्त भित्र मात्रै औपचारिक रूपमै वैदेशिक रोजगार विभागले ५,२७,८१४ जनालाई श्रम स्वीकृति प्रदान गरेको छ (DoFE 2070/71)। श्रमयोग्य युवा पुरुषको जम्मा जनसंख्यामध्ये एक तिहाइ अहिले पनि वैदेशिक रोजगारीमा गएका छन् (Sunam & Adhikari 2016)। नेपालबाट ४० लाखभन्दा बढी युवा बाहिरिएको र दैनिक १५०० युवा खाडी मुलुकमा जाने गरेका छन् (DoFE 2070/71)। बसाइसराइसँगै विश्वभरि नै बदलिदो सामाजिक र आर्थिक परिवेशमा वैदेशिक रोजगारीबाट प्राप्त हुने भुक्तानीले महत्वपूर्ण भूमिका खेलेको छ। यसरी प्राप्त रकमले मुख्यतया विकासोन्मुख देशको शिक्षा, स्वास्थ्य र विकासका कामलाई बढावा दिएको छ।

स्थानीय रूपमा काम गर्नुभन्दा वैदेशिक रोजगारीबाट प्राप्त हुने रकम राम्रो आम्दानीको स्रोत बन्दै गएको छ। एक तथ्यांकअनुसार ५६ % घरले वैदेशिक रोजगारबाट भुक्तानी प्राप्त गर्दछ। त्यसैगरी राष्ट्रिय स्तरमा पनि वैदेशिक भुक्तानीको कुल गार्हस्थ्य उत्पादनमा हिस्सा एक तिहाइभन्दा बढी छ (GoN 2015)। त्यसैगरी दक्षिण एसियामा नेपाल नै सबैभन्दा बढी वैदेशिक भुक्तानी भित्र्याउने देश हो भने विश्वमा तेस्रो ठूलो वैदेशिक भुक्तानीको कुल गार्हस्थ्य उत्पादनमा योगदान रहेको मुलुकमा पर्दछ (World Bank 2014)।

समग्रमा माथि उल्लेखित विभिन्न अध्ययनले कृषिमा महिलाकरणका कारण र प्रभावको मोटामोटी लेखाजोखा गरेका छन्। यस अध्ययनले माथि उल्लेखित सवाललाई आधार बनाउँदै महिलाकरणका कारण र प्रभावको विस्तृत अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरेको छ।

## ३. अध्ययन विधि र प्रक्रिया

यो अध्ययनमा महिला सशक्तीकरणलाई सैद्धान्तिक तथा अवधारणागत विश्लेषणको आधार बनाइएको छ। सामान्यतया सशक्तीकरणलाई विविध साँस्कृतिक र सामाजिक तथा राजनैतिक परिवेशअनुसार फरक अर्थमा बुझ्न सकिए पनि यस लेखका लेखिकाद्वय सशक्तीकरण भनेको व्यक्तिको क्षमता, जीविकोपार्जनका आधारको वृद्धि भई उनीहरुको जीवनमा प्रभाव पार्ने संस्था तथा क्रियाकलापमा भाग लिने, सम्झौता गर्ने र त्यसमा आफ्नो पहुँच बढाउने कुरा हो भन्नेमा विश्वास राख्छन् (World Bank 2002)। नेपालमा महिलाकरण भइरहेको सन्दर्भमा महिलाले खेतीपातीको काममा महत्वपूर्ण भूमिका खेलिरहेका छन्- जसले गर्दा उनीहरुको कार्यबोझ बढ्नुका साथै आर्थिक क्रियाकलाप लगायतका अन्य महत्वपूर्ण कुरामा सहभागिता तथा निर्णयमा पहुँच, कृषि उत्पादनका स्रोतमाथिको स्वामित्व र पहुँचजस्ता कुरामा परिवर्तन आएको छ। यस लेखमा महिलाको सशक्तीकरणमा महिलाकरणको प्रक्रियाले पुऱ्याएको तथा पुऱ्याउन सक्ने योगदान तथा उनीहरुलाई परेको अप्ठ्यारोको विश्लेषण गर्ने प्रयास गरिएको छ।

यो अध्ययनमा मिश्रित अनुसन्धान विधि अपनाइएको छ। यस अध्ययनमा मात्रात्मक तथा गुणात्मक दुवै किसिमका तथ्यांक संकलन गरिएको छ। यसका लागि नेपालको सामाजिक, साँस्कृतिक तथा भौगोलिक प्रतिनिधित्व हुनेगरी नौवटा जिल्ला (काभ्रे, रसुवा, लमजुङ, अर्घाखाँची, उदयपुर, बैतडी, डडेलधुरा, कैलाली र सुर्खेत)का विभिन्न गाउँमा घरधुरी सर्वेक्षण, समूह छलफल तथा जानकारसँगको अन्तर्वार्ता साथै विगतका वर्षमा यस विषयमा गरिएका अध्ययनको स्रोत सामग्रीको समीक्षा गरिएको हो।

यस अध्ययनको उद्देश्यअनुरूप विगतमा भएका अध्ययनको समीक्षा गरी अनुसन्धानका प्रश्न तथा जानकारीका सूचक तयार पारियो। यसका साथै अध्ययनको प्रश्नावली परीक्षण गर्दा देखिएका सुधार गर्नुपर्ने पक्षलाई ध्यानमा राखेर प्रश्नावलीमा सुधार गरियो। माथि उल्लेखित जिल्ला भित्रका प्रतिनिधिमूलक गाउँको छनौट गरी २२३ किसानको घरधुरी सर्वेक्षण, १६ समूहगत छलफल र १४ जानकारसँगको अन्तर्वार्ताबाट यो अध्ययनका लागि आवश्यक प्रारम्भिक सूचना तथा तथ्यांकहरु संकलन गरिएको हो।

## ४. अध्ययनको परिणाम

नेपाली ग्रामीण समाजमा व्यापक आर्थिक तथा सामाजिक फेरबदल भइरहेको कुरा यस अध्ययनले देखाएको छ । बढ्दो सहरीकरण, घट्दो उत्पादनशील जमिन, अर्थ तथा श्रमको लगानीभन्दा कम उत्पादन, बढ्दो प्रतिष्पर्धा, बढ्दो नगदको आवश्यकता, विद्यमान राजनीतिक अस्थिरता आदिको कारणले समाजमा निरन्तर रूपमा परिवर्तन आएको हो । आजभोलि गाउँघरको रहनसहन र खानपानमा व्यापक परिवर्तन आएको छ । मकै, कोदो खान छोड्ने, बजार पुगेपिच्छे नयाँ लुगा किन्ने चलन बढेको छ, सबैको हातमा मोबाइल छ । गाउँलेको बुझाइमा यी कारणले गर्दा गाउँमा नगदको आवश्यकता बढ्दै गइरहेको छ । यसको सोझो प्रभाव मुख्यतः युवावर्गलाई पर्न गएको छ । आजभोलि मुख्यतया युवावर्गको कृषि प्रतिको आकर्षण दिनदिनै घट्दो छ । साथै, खेतीपातीका सामग्रीमा लगानीको वृद्धि, घट्दो उत्पादन, सहरी बसाइ र जीवनपद्धति प्रतिको आकर्षण आदिले मानिसको गैर कृषि क्षेत्रमा संलग्नता बढ्दै गएको छ । कृषि क्षेत्रमा खेतीपातीको लागत बढ्नु र त्यसअनुरूपको आम्दानी हुन नसक्नु हो नै गैर कृषि क्षेत्रमा पलायनको मुख्य कारण हो । किसानले लगाएका विभिन्न बाली र बस्तुभाउको उत्पादन लागत विश्लेषण गर्दा कुनै पनि किसानको श्रमको मूल्य राख्ने हो भने लागत बराबरको आम्दानी नआउने देखिन्छ ।

किसानको खर्च तथा आम्दानीको विस्तृत विवरण हेर्दा आम्दानी भन्दा खर्च बढी देखियो । सबैभन्दा बढी खर्चमध्ये शिक्षा (५०%), त्यसपछि क्रमशः दैनिक उपभोग्य सामान (१३.३५%), चाडपर्व (१२.७२%), लुगाफाटो (७.६३%), स्वास्थ्य (५.४५%), अन्य खर्च (६.३६%) बिजुली, केबलको बिल, रिचार्ज कार्ड, चुरोट, रक्सी आदि)मा खर्च भएको पाइयो । स्थानीय तहमा खेतीपातीको काममा ठूलो खर्च नआउने भएकोले कृषि क्षेत्रमा ४.३६% मात्र खर्च देखियो । त्यसैगरी आयविवरण केलाउँदा नोकरीबाट ४५%, वस्तुभाउबाट २५% र मजदुरीबाट १७% तथा खेतीपातीबाट ८%र अन्य आम्दानी ५% रहेको देखियो । सीमित आम्दानीले बढ्दै गएको खर्च धान्न नसक्ने अवस्थामा रोजगारीका लागि विदेश जानुको विकल्प नभएको गुनासो सबैतिर सुनिन्छ । एक किसानका अनुसार १६ रोपनीमा गरिएको सघन मकै खेतीबाट समेत आम्दानी न्यून देखिएको छ । बिउ, विषादी, हलो, बिउ, गोडमेल, कटाइ, बोकाइ, चुटाइ सबैको लागत र दाना, भुसा, खोस्टा, खोया सबैबाट आउने आम्दानीको  विवरण केलाउँदा रु.२९७०० लागत लगाएर गरिएको मकै खेतीबाट आम्दानी रु.३०,५०० भएको छ । यसबाट जम्मा रु आठ सय नाफा देखिएको छ । कृषि क्षेत्रबाट घट्दै गएको आम्दानीको यो त एउटा उदाहरणमात्र हो ।




**चित्र १: महिलाकरणको चक्र**

यस अध्ययनमा गरिएको घरधुरी सर्वेक्षणमा ९०% घरबाट कम्तिमा एक सदस्य वैदेशिक रोजगारीमा गएको देखिन्छ । यसले गर्दा परम्परागत रूपले पुरुषले गर्दै आएको अधिकांश काम महिलाले नै सम्हाल्नुपर्ने भएको छ । यो कुराले पनि कृषिको महिलाकरण, बसाइसराइको गहिरो र व्यापक अन्तर्सम्बन्ध रहेको समेत स्पष्ट भएको छ । चित्रमा देखाएजस्तै, जब गाउँबाट युवा विशेषगरी पुरुष बाहिरिन्छन्- तब गाउँमा कृषि श्रमिकको अभाव हुन थाल्दछ । यसै कारण महिलाहरु परम्परागत सहित थप भूमिका लिन बाध्य हुन्छन् । स्थानीय स्तरमा पुरुष कामदारको अभावमा महिलाले मात्र सबै खेतीयोग्य जमिन व्यवस्थापन गर्न नसक्दा बिस्तारै बाँझो जमिन बढ्दै जान्छ- जसले कुल उत्पादनमा कमी आउँदछ र खाद्य आयात तथा खाद्य असुरक्षामा वृद्धि गराउँछ । खाद्य सुरक्षा गर्न तथा बढ्दो नगदको मागले गर्दा फेरि युवाहरु बाहिरिनुपर्ने बाध्यता हुन्छ । यो नेपालको ग्रामीण भेगमा विगत एक दशकदेखि निरन्तर भइरहेको प्रक्रिया हो ।

आजभोलि गाउँघरमा कृषि क्षेत्रमा काम गर्नेलाई सबैभन्दा हेयको दृष्टिले हेरिन्छ। यस अध्ययनको सिलसिलामा अवसर पाए कुन पेशा रोज्नुहुन्छ भन्ने प्रश्नमा १०% ले मात्र कृषि पेशा रोज्ने बताएका थिए। यसले कृषि पेशा अपहेलित हुँदै गएको पुष्टि गर्छ। अहिलेको शिक्षा पद्धति सानैदेखि कृषि श्रमलाई हेर्ने हेयको दृष्टिकोण बनाउन कारक रहेको छ। यसले नै हाम्रो सामाजिक मनोविज्ञान निर्धारण गर्दछ। आफ्ना नानीलाई पढ्न नसके हलो जोत्नुपर्ने कुरा सिकाउँदै आएका धेरैजसो बाबुआमा आफ्ना सन्तान डाक्टर, इन्जिनियर बन्छु भनेकोमा गर्व गर्दछन्। यससँगै अहिलेका युवालाई पनि आफ्ना बाबुआमाले गरेको खेतीपाती मन परेको छैन।

कृषि क्षेत्रबाट अपेक्षित आम्दानी प्राप्त गर्न नसक्दा बसाइसराइको क्रमले तीव्रता पाएको छ। अन्य वैकल्पिक आयआर्जनको खोजीमा शहरोन्मुख तथा वैदेशिक रोजगारीको लागि बसाइसराइ गरिरहेको अध्ययनबाट स्पष्ट देख्न सकिन्छ। ९० प्रतिशत बसाइसराइ भएका घरधुरीमध्ये ९ प्रतिशत नेपालभित्रै (शहरोन्मुख) र बाँकी ८१ प्रतिशत भारत लगायतका अन्य खाडी मुलुकमा वैकल्पिक रोजगारी तथा स्तरीय जीविकोपार्जनको खोजीमा लागेका छन्। यसरी बसाइसराइ गर्ने या बाहिरिनेमध्ये पनि लगभग २० प्रतिशतभन्दा कम निम्न वर्गका छन् भने करिब ८० प्रतिशत मध्यमवर्गीय परिवारका छन्। सामान्यतया सम्पन्न वर्गका परिवारका सदस्य अलि ठूलो तथा कमाइको हिसाबले राम्रो मानिएका देश जस्तै युरोप तथा अन्य पश्चिमी विकसित मुलुकमा गएको पाइयो।

समग्र कृषि क्षेत्रमा देखिएका समस्याको सम्बोधन गर्ने नीतिगत पहल भएको देखिँदैन। राष्ट्रिय स्तरमा २० वर्षे कृषि विकास रणनीतिको तर्जुमा गरिएता पनि जिल्ला तथा स्थानीय तहमा कृषि विकासको योजना बनाएको पाइँदैन। त्यसैगरी बदलिएको परिस्थितिमा कृषिमा बढ्दै गएको महिलाको भूमिकाको नीतिगत सम्बोधन भएको देखिँदैन। लैङ्गिक समावेशिताको कुरा बेला/बेलामा बहसमा आउने गरेता पनि कृषि क्षेत्रमा बढ्दो महिलाकरण सम्बोधन गर्न नीतिगत प्रयास गरेको देखिँदैन। त्यसैगरी महिलामैत्री प्रविधि विकासमा राज्यको कुनै पनि प्रकारको चासो देखिएको छैन। विगतमा पुरुषलाई मात्र लक्ष्य गरी विकास गरिएका कृषि प्रविधि तथा औजारलाई नै प्रयोग गर्नुपर्ने अवस्थामा यसले महिलाको कार्यबोझ थपिएको छ तर यसको सम्बोधनमा कुनै प्रयास गरिएको छैन।

अहिले कृषि क्षेत्रको व्यापक महिलाकरण हुनुमा राज्यको नीतिगत असफलता पनि एक हो। कृषि क्षेत्रलाई उत्पादनमूलक बनाउन नसक्नाले किसानहरु यस क्षेत्रबाट पलायन भएका हुन्। अर्को कुरा, पुरुष पलायनसँगै बढेको महिलाको भूमिकालाई पनि नीतिगत तहमा अहिलेसम्म कतै सम्बोधन गरिएको छैन। उदाहरणका लागि सबै कृषिकर्ममा महिलाको संलग्नता बढे पनि महिलामैत्री प्रविधिको विकासमा राज्यको कुनै चासो देखिएको छैन।

कृषिकर्मको बढ्दो जिम्मेवारी भए तापनि महिलाको निर्णय अधिकारमा पहुँच सीमित छ। त्यसैगरी उनीहरुको कृषियोग्य जमिन माथिको स्वामित्व समेत न्यून छ। कृषियोग्य जमिनको स्वामित्वको अवस्था विश्लेषण गर्दा अध्ययन क्षेत्रमा अझै पनि ५९ प्रतिशत जमिन पुरुषकै नाममा रहेको देखिन्छ भने जम्मा २३ प्रतिशत कृषियोग्य जमिन महिलाको नाममा छ। त्यसैगरी १३ प्रतिशत जमिन बाबु/बाजेको नाममा र बाबु/बाजे बितेको अवस्थामा आमा/बज्यैको नाममा रहेको छ। पुरुष केन्द्रित सामाजिक संरचना र नीति नियमको फलस्वरूप पुर्ख्यौली सम्पत्ति बाबुआमाको शेषपछि सोझै छोरामा हस्तान्तरण हुने हुँदा धेरै महिला जमिनको स्वामित्वभन्दा बाहिर रहने गरेका छन्। जमिन, अन्य उत्पादनका स्रोतमा स्वामित्व र पहुँच नहुँदा महिलालाई कृषि प्रबर्द्धनका जोखिम उठाउँदै सक्रिय हुन उत्प्रेरणा मिल्दैन। कृषिमा महिलाको जति नै बढी योगदान रहे तापनि उनीहरुलाई कृषकको रूपमा पहिचान गरिँदैन। साथै जमिनमा उनीहरुको स्वामित्व नहुँदा राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट समेत प्रत्यक्ष रूपमा वञ्चित हुनपरेको छ। यी समस्यालाई सम्बोधन गर्न नसकेको वर्तमान अवस्थामा यसको सोझो प्रभाव स्थानीय कृषि उत्पादन तथा

खाद्य सुरक्षामा परेको छ । अध्ययन क्षेत्रका अधिकांश महिलाले अहिलेको कृषि प्रविधि महिलामैत्री नभएको बताएका छन् । परम्परागत हलो, कोदालोलगायत आधुनिक प्रविधिका रूपमा भित्रिएका ट्रयाक्टर, थ्रेसर जस्ता प्रविधिसमेत प्रायजसो पुरुषले मात्र सञ्चालन गर्न सक्ने खालका छन् ।

यसैगरी कृषिमा भएको महिलाकरणका विभिन्न प्रभाव देखिएका छन् । मुख्य प्रभावमा श्रम अभाव, कार्यबोझ, बाँझो जमिन, उत्पादनमा कमी, बढ्दो खाद्य असुरक्षा, महिला उद्यमशीलता, लैंगिक समावेशिता र निर्णयमा पहुँच, कृषि सामग्री र सेवामा पहुँच वृद्धि आदि हुन् ।

आजभोलि गाउँघरमा महिला, वृद्ध र केटाकेटीमात्र छन्- जसको जिम्मामा सम्पूर्ण खेतीपाती, वस्तुभाउ, घरायसी काम र घरका अन्य बालबालिका तथा वृद्ध सदस्यको हेरचाह रहन्छ । कतिपय अवस्थामा गाउँमा पुरुष कामदार पाउन कमी भएसँगै महिलाले खेतबारी जोत्न थालेका छन् । खेतीपानी तथा वस्तुभाउ व्यवस्थापनका कामका साथै उत्पादित वस्तुको किनबेचमा महिलाको पहुँच बढेको छ ।

> उदयपुर जोगिदह-८ की बासिन्दा उमा मगर आले ले २०५४ सालबाट हलो जोत्न थालिन् । गाउँमा श्रमिकको अभाव सिर्जना भएपछि घर गोठ छाउने मान्छे नपाउँदा आफैं घरगोठ छाउन थालिन् । काठ बोक्ने, हलो जोत्नेजस्ता कामका लागि खेतालाको रूपमा जान लागिन् । उनी बाबुआमाको १८ कठ्ठा जमिन सबै आफैं जोतेर अरुकहाँ पनि खेतालाको रूपमा जान्छिन्, हलगोरु लिएर दिनभरि काम गरेको रु. ९०० पाउछिन् ।

पुरुष बाहिरिनु भन्दा अघि र अहिले कृषि कर्ममा आएको फेरबदलबारे गरिएको एक प्रश्नमा ७०% भन्दा बढी उत्तरदाताले महिलाको भूमिका सबै क्षेत्रमा बढेको जनाएका छन् । गाउँघरमा महिलाले दैनिक रूपमा दोहोरिने र निरन्तर काम गरिरहनुपर्दछ । यस्ता घरायसी काम श्रमका हिसाबले खर्चिलो भए पनि आर्थिक उपार्जनका हिसाबले नगन्य हुनाले महिलाले काम गरेको नै देखिँदैन । यसमाथि यी नियमित कामसँगै पुरुष को अनुपस्थितिमा महिलाले कृषिमा बढी काम गर्नुपर्ने क्रम बढ्दै गएको छ । कृषिमा महिलाकरणसँगै बढ्दो श्रम अभावले महिलाको थप कार्यभार बढ्न गएको छ- जसले गर्दा परम्परागत रूपमा घरपरिवारले गर्दै आएको खेतीपाती तथा बस्तुभाउको व्यवस्थापन गर्न नसक्दा उत्पादन घट्नुका साथै जमिन बाँझै छोड्नुपर्ने स्थिति रहेको देखिन्छ ।

महिलाको जिम्मामा साना तथा धेरै समय लाग्ने विभिन्न काम जस्तै प्रशोधन, अन्न तथा बीउ भण्डारण र जमिन तयार गर्ने काम पर्दछ । घरायसी रूपमा विभिन्न किसिमका दैनिक रूपमा गर्नुपर्ने काम महिलाका जिम्मामा हुन्छन् तर प्रायःजसो पुरुषले यस काममा सहयोग नगर्ने हुँदा महिलालाई खेतीको समयमा अझै बढी कामको बोझ रहन्छ । महत्वपूर्ण कुरा के छ भने महिलाले गर्ने अधिकांश घरायसी कामलाई ज्यालादारी श्रमको रूपमा लिइँदैन- जसले गर्दा यी काम गर्न परिवारका सदस्यबीच श्रम विभाजनसमेत हुँदैन । विभिन्न घरायसी तथा कृषि कार्यमा महिला तथा पुरुषको संलग्नतालाई अध्ययन गर्दा आजभोलि पुरुषभन्दा महिलाको कार्यबोझ बढेको पाइयो । कृषिका मसिना क्रियाकलापलाई टुक्र्याएर गरिएको अध्ययनमा बीउ जोगाउने, किन्ने, ब्याड राख्ने, आली लगाउने, अर्मपर्म, गोठ तथा कम्पोष्ट मल, कुलो मर्मत तथा पानी लाउने, मल बोक्ने, रोप्ने, छर्ने, काट्ने, चुट्ने, थन्क्याउने, प्रशोधन, बेचबिखन जस्ता कार्यमा पुरुषको तुलनामा महिलाको सहभागिता बढेको छ । जातीय तथा सांस्कृतिक परम्पराले केही समुदायमा हलो जोत्ने कार्यमा भने महिलाले घरको पुरुषको अनुपस्थितिमा अन्य पुरुषलाई खेतालाको रूपमा गुहारेर काम चलाइरहेको स्थिति छ भने अन्य केही समुदायमा महिला आफैंले हलो जोत्ने गरेका छन् । पुरुष पलायनसँगै अहिले यो क्रम निकै बढेको छ । यसका साथै पुरुष सदस्य बाहिरिएपछि पुरुषले सम्हाल्दै आएका अन्य काम जस्तै दाउरा चिर्ने, गाह्रो लगाउने, गरा बनाउने, बीउ तथा विषादी र मल ल्याउने, जोत्ने, कृषिका औजार बनाउने तथा बाँसका सामग्री बनाउने काममा उपलब्ध र आर्थिक क्षमताले भ्याएसम्म अन्य पुरुषलाई ज्यालादारीमा लगाउने गर्दछन् । त्यसो गर्न नसक्ने महिलाले आफैंकाम

गर्न थालेका छन् । थपिएको कार्यबोझले उनीहरुको कार्यदक्षता समेत घट्दै गएको अनुभव अध्ययन क्षेत्रका महिलाले बताएका छन् ।

एक दशक लामो माओवादी युद्धमा युवाहरू सहभागी हुने तथा डरले गाउँ छोड्ने, पढाइ तथा रोजगारीका लागि पुरुषहरु सहर पस्ने क्रमसँगै गाउँघरमा महिलाले हलो जोत्ने तथा पुरुषले गरिरहेका खेतीपातीका अन्य काम सम्हाल्नु परेको हो भन्ने कुरा अध्ययनले देखाएको छ। यसले विभिन्न कारणले बदलिएको परिस्थिति सँगै बढेको श्रम अभावको कारणले गर्दा कृषिकर्ममा महिलाकरण बढेको कुरा स्पष्ट हुन्छ ।

यस्ता खेतीपाती सम्बन्धी कामबाहेक पशुपालनका क्रियाकलापमा समेत पुरुषको तुलनामा महिलाको सहभागिता बढ्दै गइरहेको छ। भकारो सोर्ने, घाँस सोत्तर ल्याउने, दानापानी ख्वाउने, चराउन लैजाने, दुहुने, बजारबाट सामग्री किन्ने, पशुपक्षी तथा उत्पादित वस्तु बेच्ने कार्यमा समेत महिलाको सहभागिता बढेको पाइएको छ ।

खेतीयोग्य जमिन बाँझो छोड्ने क्रम हालका वर्षमा निकै वृद्धि हुँदै गइरहेको छ । मुख्य रूपमा पछिल्लो एक दशकमा जमिन बाँझो दर बसाइसराइको क्रम सँगसगै बढेको छ । विशेष गरेर वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारका सदस्य, बेरोजगार युवा तथा विद्यार्थी क्रमशः बसोबासका निम्ति, कामको अवसर तथा अध्ययनका लागि गाउँ छाडी नजिकको सहरी क्षेत्र, तराई वा राजमार्ग वरिपरि बसाइ सर्ने गरेका छन्। आन्तरिक बसाइसराइ र रोजगारीका लागि बिदेसिनु नै कृषियोग्य जमिन बाँझो रहनुको प्रमुख कारण देखिएको छ ।

पहिले विशेष रूपले जंगलको नजिकको जमिन, बस्तीबाट टाढा रहेको, कम उत्पादन क्षमता भएका जग्गा बाँझो रहेकोमा आजभोलि जनशक्तिको अभाव र लागत मूल्य उत्पादनभन्दा बढी हुँदा उत्पादनशील जमिन समेत बाँझो छोड्न थालेको पाइन्छ । यसकासाथै घरजग्गा दलाली र जग्गालाई उत्पादन भन्दा लगानी या सम्पत्तिको जोहो सम्झिने परिपाटीसँगै शहरोन्मुख क्षेत्रमा ठूलो परिमाममा कृषि भूमिका टुक्रा बाँझो छोडिएका छन् । पुरुषको विदेश पलायनसँगै महिलाहरु आफ्ना केटाकेटी पढाउन सदरमुकामतिर बसाइ सर्ने परिपाटीले पनि जमिन बाँझो छोड्नुपर्ने स्थिति आएको देखिन्छ ।

जमिन बाँझो छोड्ने क्रम मुख्यतः जमिन भएका तर पुरुष पलायनसँगै श्रम अभाव भएका घरपरिवारमा मात्र देखिन्छ। साना तथा महिला किसानले भने यदाकदा बाहेक खेतीयोग्य जमिन बाँझो राखेको देखिँदैन । बरु परम्परागत रूपले अधियाँ या ठेक्कामा खेती गर्ने साना तथा महिला किसानले गाउँघर तथा नजिकका सहरमा बढेको गैर कृषि क्षेत्रको रोजगारीको अवसरसँगै यो क्रम बिस्तारै छोडेका छन् । यसो हुनुमा खेतीपातीको लगानी उत्पादनको तुलनामा महँगो भएकोले पनि हो ।

महिलाले खेतीपातीका मात्र काममा पर्याप्त समय दिन सकेका छैनन्- जसले गर्दा जमिन बाँझो रहनुका साथै स्थानीय उत्पादनमा कमी आएको छ। ५-७ वर्षको तुलनामा अहिले मुख्य अन्न बाली धान, मकै र कोदोको उत्पादनमा ४० देखि ५० प्रतिशतले घटेको घरधुरी सर्वेक्षणमा देखिएको छ। त्यसैगरी ६१% परिवारको जीविकोपार्जनको मुख्य पेशा कृषि भए तापनि जम्मा २४% लाई मात्र ९-१२ महिना खान पुग्ने र बाँकी ७६% लाई वर्षभर खान नपुग्ने देखिएको छ । घट्दो स्थानीय उत्पादनको कारणले अधिकांश परिवार वर्षभर खान नपुग्ने अवस्थामा पुगेका हुन् अर्थात् खाद्यमा असुरक्षित देखिएका छन्। यसका साथै अतिवृष्टि, अनावृष्टि, सुख्खा, खडेरी जस्ता विविध जलवायु परिवर्तन सम्बन्धी समस्या, रोग किराको प्रकोप बढ्नुले पनि उत्पादनमा व्यापक रूपले कमी आएको हो ।

पछिल्लो ५ वर्षको कृषि उपजको आयातमा भएको वृद्धि हेर्दा कतिपय कृषि उपजमा ३ गुणाभन्दा बढीले वृद्धि भएको पाइएको छ। नेपालले आयात गर्ने कृषि उपजको मूल्य १ खर्ब नाघेको पछिल्लो तथ्याङ्कले देखाएको छ। आयात गरिने कृषि उपजमा चामलको आयात सबैभन्दा बढी र त्यसपछि क्रमशः भटमासको तेल, तरकारी, सुपारी, मकै आदि पर्दछन् (TEPC 2016)।

गाउँमा भित्रिने वैदेशिक भुक्तानीको रकम भित्रिन थालेपछि खाद्यान्नलगायत घरायसी उपभोगका वस्तुको माग व्यापक रूपमा बढेको छ । खासगरी वैदेशिक भुक्तानी प्राप्त गर्ने परिवारका सदस्य तुलनात्मक रूपले शहरोउन्मुख जीवनयापनका तरिका अपनाउन थालेको देखिन्छ । यसको सिधा प्रभाव बाहिरबाट आउने खाद्यवस्तुको वृद्धिबाट देख्न सकिन्छ । आजभोलि गाउँघरमा बियर, कोकाकोला र ब्रोइलर कुखुराको प्रचलन निकै बढेको छ । गाउँघरको १० वर्षपहिलेको आयातको वासलात हेर्दा अधिकांश घरमा मट्टीतेल, नुन, मसला र लत्ताकपडा मात्र आयात गर्ने गरिएकोमा अहिले ठूलो मात्रामा दैनिक उपभोग्य खाद्यवस्तु जस्तै दाल, चामल, तेल, नून, मसला, चाउचाउ, बिस्कुट, चिप्स्, पाउरोटी, सोयाबिन, , बियर, कोक, फेन्टा, रक्सी जस्ता पेय पदार्थ र ब्रोइलर कुखुरा लगायत भित्रिने गरेका छन् । स्थानीय स्तरमा सजिलै उत्पादन हुने खाद्यवस्तु समेत व्यापक रूपमा आयात हुन थालेको छ । यस्तो आयातको व्यापकता बदलिँदो खाने संस्कृतिसँग समेत जोडिएको छ । उदाहरणका लागि पहिले मकै, कोदो, फापर, आलु खाने ठाउँहरुमा समेत चामलको खपत ह्वात्तै बढेको छ ।

माथि उल्लेखित विभिन्न कारणले खाद्य सुरक्षाका विविध आयाममा प्रत्यक्ष प्रभाव परेको छ । खासगरी स्थानीय स्तरमा उत्पादन घट्न जाँदा गुणस्तरीय खाद्यान्नको उपलब्धता, पहुँच, उपयोग तथा स्थिरतामा समस्या देखिएको छ । आयातित खाद्यान्नमा मुख्यतः गुणस्तर र मूल्यमा स्थानीयको नियन्त्रण नहुने हुँदा आम्दानी कम भएका विपन्न परिवारको खाद्य असुरक्षा झनै बढेको छ । यस्ता समुदाय स्थानीय उत्पादन हुँदा जति खाद्य सुरक्षित हुन्छन्- आयातित खाद्यान्नमा भर पर्दा उनीहरुको खाद्य असुरक्षाको जोखिम अझै बढेको छ । आयातित खाद्यान्नमा पनि प्लाष्टिक पोकाका तयारी खाना (Junk food) मा आकर्षण बढ्नाले पनि स्थानीय खाद्यान्न प्रतिको मोह घट्दो छ । गाउँलेहरुका अनुसार आजभोलि तयारी चाउचाउ पकाएर खानेमात्र नभई यसलाई तरकारीको रूपमा समेत उपभोग गर्ने चलन बढेको छ ।

कृषिमा महिलाकरणका नकारात्मक प्रभाव धेरै हुँदाहुँदै पनि महिलाको कृषि क्षेत्रमा बढ्दो संलग्नतासँगै कृषि सेवा तथा सहयोगमा महिलाको पहुँच बृद्धि भएको छ । महिलाले नै कृषिको सम्पूर्ण जिम्मेवारी उठाउनुपर्ने हुनाले सेवा केन्द्र, जिल्ला कृषि र पशु सेवा कार्यालय, एग्रो भेट तथा कृषि सामग्री लिने क्षेत्रमा पुरुषको तुलनामा आजको महिलाको सहभागिता बढेको छ । त्यसैगरी बाध्यात्मक रूपले सुरु गरेको खेतीपातीको काममा महिलाको संलग्नता बढ्नुसँगै उनीहरुको संस्थागत प्रतिनिधित्वसमेत बढेको छ । सेवा केन्द्र, जिल्ला कृषि र पशु सेवा कार्यालय, एग्रो भेट र कृषि सामग्री लिने ठाउँमा पुरुषभन्दा महिला बढी जाने गरेको देखिएको छ । गाउँमा गरिएको घरधुरी सर्वेक्षणमा सेवा केन्द्र, जिल्ला कृषि र पशु सेवा कार्यालय, एग्रो भेट तथा कृषि सामग्री पाउने सहकारीमा जाने महिलाको संख्या पुरुष विदेश गएपछि उल्लेखनीय मात्राले बढी देखिएको छ ।

त्यसैगरी घरायसी तथा खेतीपातीका काममा महिलाको निर्णयक्षमता बढेको छ तर सम्पूर्ण परिवारका महिला भने त्यस्तो क्षमता भए पनि निर्णय अधिकारबाट वञ्चित छन् । यसो हुनुमा हाम्रो समाजको पितृसत्तात्मक सामाजिक संरचनाले काम गरेको छ । जब पुरुष बाहिरिन्छन्- महिलाले घरमूली हुने अनुभव प्राप्त गर्दछन् तर पुरुषले नै देश बाहिरबाट समेत महत्वपूर्ण र ठूला निर्णय गर्दछन् भने महिलाहरू भने फोन गररै भए पनि पुरुषहरुसँग सोधेरमात्र निर्णय लिने गर्दछन् । महिलाहरु बोल्न सक्ने र अधिकारका कुरा गर्न सक्ने भएका छन्, सूचनामा, आर्थिक व्यवहारमा पहुँच बढे को छ, महिलाको सीप विकास भएको छ, महिला सशक्तीकरण बृद्धि भएको छ । साथै विभिन्न समूह तथा सहकारीमा बढ्दै गएको सहभागिताले गर्दा बचत गर्ने बानी बढ्नुका साथै आम्दानी समेत बढेको छ । महिलाहरु तुलनात्मक रूपमा कम भ्रष्ट र इमानदार हुने भएको कारणले समूह तथा बचत सहकारीहरु प्रभावकारी रूपले सञ्चालन भएको समूहका सदस्यले नै बताउने गरेको छन् । आफ्नै समूहभित्र बचत हुनुले महँगो ब्याज र ऋण लिन झन्झटिलो प्रक्रिया समेत

बेहोर्नु नपर्ने भएको छ। आर्थिक व्यवहारमा पहुँच बढेको स्थितिमा ७७% महिलाले सरकारी, समूह वा सहकारी, बैंकबाट ऋण लिएको बताएका छन्। प्रायजसो समूह तथा बचत सहकारीमा महिला सदस्य हुने हुँदा आफैं ऋण सम्बन्धी आर्थिक कारोबार गर्ने गरेका छन्। यसले उनीहरु स्वयं सजग भई वास्तविक कारोबारको मर्म बुझ्न सक्षम भएका र उद्यमशीलता विकासमा प्रत्यक्ष सघाउ पुगेको देखिन्छ। अध्ययन अनुसार विगत १० बर्षमा कृषि सेवा तथा सुविधामा महिलाहरुको पहुँच तीन गुणाले बढेको पाइएको छ।




**चित्र २: कृषि सेवा तथा सुविधामा महिलाको बढ्दो पहुँच**

महिलाले पहिले गर्दै नगरेको काम खासगरी घरव्यवहारको आर्थिक कारोबारको जिम्मा समेत केही हदसम्म लिनुपरेको अनुभव सुनाएका छन्। तर अझै पनि दैनिक र सानातिना व्यवहार महिला आफैंले सम्हाल्ने भए पनि घरव्यवहारका ठूला लेनदेन भने पुरुषकै निर्णयमा हुने गरेका छन्। महिलाले पुरुष घरमा नहुँदा सारा काम आफैंमाथि आइपरेको अवस्थामा घरायसी व्यवहारका विभिन्न पक्ष खासगरी आर्थिक कारोबारको वास्तविक अनुभव गर्न पाएको कुरा महिला सशक्तीकरणको एउटा महत्वपूर्ण उदाहरण हो। पहिला एकाध महिला सामाजिक सञ्जालमा आबबद्ध हुनेमा अहिले सबैजसो महिला विभिन्न सामाजिक सञ्जालमा आबद्ध भएको पाइएको छ। यस्तो आबद्धताले उनीहरुको आत्मबल तथा उद्यमशीलता बढेको छ।

त्यस्तै पहिला भन्दा अहिले महिलालाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन आएको छ। श्रीमान् वैदेशिक रोजगारीमा हुने महिलाको सामाजिक तथा सामुदायिक काममा सहभागिता बढेको छ। अहिले धेरै महिला सामुदायिक वन समिति लगायतका ४-५ वटा सामाजिक संघसंस्थाका जिम्मेवार पदमा समेत संलग्न हुने गरेका छन्। आजभोलि घर व्यवहारका विविध क्रियाकलापमा महिलाको निर्णय लिने क्षमता र अधिकार दुवै वृद्धि भएको पाइन्छ। दैनिक कारोबार, शिक्षा र स्वास्थ्य, दैनिक कामको बाँडफाँड, सामाजिक सहभागिता, चलअचल सम्पत्ति तथा वस्तुभाउ किनबेच र खेतीपाती गर्ने कामको निर्णय पुरुषको अनुपस्थितिमा महिलाले नै बढी लिने गरेका छन्। यी सबै कुराले महिलाको सामाजिक तथा सामुदायिक काममा सहभागिता बढेको देखाउँछ- साथै सानातिना निर्णय गर्ने अवसर पनि पाएको देखिन्छ तर यस्तो अधिकार सबै वर्ग र समूहका महिलामा समान छ या छैन भन्ने एउटा महत्वपूर्ण सवालचाहिँ यथावत् छ।

यस अध्ययनमा संलग्न दुई तिहाइ एकल परिवार र एक तिहाइ संयुक्त परिवारको तुलना गर्दा एकल

परिवारका महिलाको उद्यमशीलता, लैङ्गिक समावेशिता र निर्णयमा पहुँच बढेको देखिएको छ भने संयुक्त परिवारका महिलाको खासै बढेको देखिएन। यस्तो हुनुमा संयुक्त परिवारका धेरै महिला सदस्य अझै पनि सामाजिक सञ्जालमा सहभागिता, आर्थिक कारोबारको अभिभारा वहन गर्न बिदेसिएका श्रीमान् बाहेकका अन्य सदस्य जस्तै सासू, ससुरा, जेठाजु आदि माथि आश्रित हुन बाध्य छन्।

आजभोलि समावेशी सामाजिक विकासको अवधारणासँगै महिलाले विभिन्न घरायसी कामसँगै सामाजिक सञ्जाल, समूह तथा सामुदायिक कार्यमा पनि उत्तिकै समय दिनुपर्ने भएको छ। हुन त यसले महिलाको सामाजिक सचेतना तथा क्षमता अभिवृद्धि गर्दैछ तर उनीहरूमा कामको समय मिलाउनुपर्ने भार पनि थपिँदै छ। घरायसी कामको बेफुर्सदीले यस्ता सामाजिक काममा उनीहरूको सहभागिता देखिए तापनि यस्ता सहभागिता अर्थपूर्ण हुन सकेका छैनन्। महिलाहरू प्रायजसो बैठक, भेलामा कम बोल्छन् र उनीहरूको बोली कमै सुनिन्छ। कहिलेकाहीँ हतारको समयमा महिलाको सट्टा पुरुषले यस्ता भेला, बैठकमा प्रतिनिधिको रूपमा सहभागी हुने गरेको पनि पाइन्छ। उदाहरणका लागि गाउँघरमा छलफल, बैठकमा प्राय जसो महिला छिटो सकेर घर जाने हतारमा हुन्छन्- जसले उनीहरूमा समयको कमी भएको देखाउँछ।

यसरी बढेको कामको भारले महिला स्वयं र परिवारका अन्य सदस्यको स्वास्थ्यमा समेत प्रतिकूल असर परेको छ। कामको बोझसँगै आफ्नो र परिवारको हेरचाहका लागि पर्याप्त समय निकाल्न महिलालाई निकै गाह्रो परेको छ। खेतीपातीकै साना मसिना कामले उनीहरू समयमा खाना पकाउन र खुवाउन, आफ्नो तथा परिवारको सरसफाइमा ध्यान दिन थोरैमात्र समय पाउँछन्। जतिसक्दो चाँडो भान्सा उम्काउने र फेरि काममै लाग्ने चटारो सधैं हुन्छ। बढी कामको भारसँगै सुत्केरी तथा महिनावारीको समयमा पर्याप्त आरामको अभाव, पर्याप्त पोषणयुक्त खानाको अभाव, बढी बलको प्रयोग आदि पाठेघर खस्ने समस्यासँग सीधा जोडिएका छन्।

## ५. अध्ययनको निचोड तथा सुझाव

महिलाकरणका कारण गाउँघरमा सजिलै देख्न तथा अनुभव गर्न सकिन्छ- जुन मुख्यतः पुरुष बसाइसराइसँग जोडिएको छ। यसका प्रभाव भने अझै स्पष्टसँग देखिइसकेका छैनन्। महिलाकरणका प्रवृत्ति केही वर्षअघि छिटपुट देखिए पनि केही वर्षयता तीव्र रूपमा सुरु भएको देखिन्छ। खासगरी परम्परादेखि नै पुरुष केन्द्रित कृषि नीति, संस्था तथा प्रविधि भएको र संरचनागत रूपमा नै महिलाहरु पछाडि परिरहेको अवस्थामा श्रमको अभाव हुँदा महिलालाई अझै बढी कृषि कर्मको भार थपिरहेको छ। यी नीति, संस्थागत संरचना तथा प्रविधिहरु महिलामैत्री छैनन्।

महिलाकरणको सामाजिक तथा आर्थिक दुवै स्तरमा प्रभाव भए पनि सामाजिक स्तरमा विशेषगरी महिलामा कामको बोझ थपिएको स्पष्ट देखिन्छ अर्को अर्थमा यसले महिलामाथि थप अन्यायको अवस्था सिर्जना गरिरहेको छ। मुख्यतः श्रमको अभावले गर्दा बढ्दो बाँझो जमिन बढ्न गई उत्पादन घटेको छ। विशेषगरी कृषिमा निर्भर, गरिब तथा पिछडिएका समुदायमा खाद्य असुरक्षा बढ्दो छ। बदलिँदो सामाजिक र आर्थिक परिस्थितिमा शहरी तथा गैर कृषि क्षेत्रमा रोजगारीका अवसर सिर्जना त हुँदैछ तर यसमा महिलाको पहुँच भने अत्यन्त न्यून छ।

हुन त यसले महिलामा राम्रो प्रभाव पनि पुऱ्याएको छ। यो प्रक्रियाले महिलाको समग्र सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागिता तथा उद्यमशीलतामा विकास हुन गई केही महिलाको सशक्तीकरण प्रक्रियालाई थप सहयोग पुगेको छ। तर यसलाई समग्र महिलाको सशक्तीकरण त्यसमा पनि कृषि क्षेत्रमा महिला सशक्तीकरण बढाउने अवसर दिनु आवश्यक छ। त्यसो त सबै महिला कृषिमा नै रहिरहनुपर्दछ भन्ने होइन तर अहिलेसम्म धेरै परम्परागत कृषि ज्ञान भएको र महिलाका लागि सबैभन्दा बढी पहुँच हुन सक्ने क्षेत्र कृषि नै हो। यसमा नै उद्यमशीलताको विकास गरी उनीहरुको सामाजिक तथा आर्थिक दायरा बढाउन सकिन्छ।

महिलाकरणले गर्दा महिलाको सहभागिता, निर्णय र पहुँचमा वृद्धि हुन गई प्रविधि तथा सेवामा उनीहरुको पहुँच बढेको, आत्मविश्वास बढ्नुका साथै केही हदसम्म उद्यमशीलता बढेको भए पनि अझै पनि जमिनमाथिको स्वामित्व तथा पहुँच, निर्णय गर्ने अधिकार कम भएको हुँदा अपेक्षा गरिएजति प्रगति हुन सकेको छैन । कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि, उनीहरुका सामाजिक पहिचान, उद्यमशीलता, सम्पत्ति र कृषिका स्रोतमाथिको पहुँच वृद्धि गर्ने खालका नीति तथा कार्यक्रमको निर्माण अनि कार्यान्वयनको योजनाले मात्र महिलाले कृषिमा उत्साही महशुस गर्नुका साथै उनीहरूले कृषि कर्मलाई बोझको रूपमा नहेर्ने आत्मविश्वासको वातावरण सिर्जना गर्न सकिन्छ । अहिलेजस्तो घरायसी कृषि श्रमिकमात्र हुने अवस्थाबाट सम्पूर्ण कृषि व्यवस्थापन गर्न सक्षम महिला किसान बनाउन सकिन्छ । तर यसका लागि हाम्रो सन्दर्भमा भने सहयोगी पुरुष (श्रीमान्) साथै परिवार तथा सहयोग, जमिन माथिको स्वामित्व तथा पहुँच र महिलामैत्री नीतिगत तथा संस्थागत व्यवस्था हुनु आवश्यक हुन्छ । यस्तो निष्कर्ष निकालिरहँदा हाम्रो समाजमा फरक/फरक वर्ग, जातजाति, लिंग र त्यसैको आधारमा सम्बन्ध तहगत छन् भन्ने कुरालाई पनि आत्मसात् गर्नु आवश्यक छ । समाजका फरक वर्ग तथा समुदायमा महिलाकरणका प्रभाव फरक तहमा नै पर्दछन् र उनीहरुको सशक्तीकरणको कल्पना गर्दा यी कुरालाई सम्बोधन गर्नु आवश्यक हुन्छ ।

समग्रमा कृषि क्षेत्रमा बढ्दो महिलाकरण यसका कारण र प्रभावबारे गरिएको यस अध्ययनले हाम्रो ग्रामीण समाजमा आएका फेरबदल, चुनौती र सम्भावना औंल्याएको छ । यसरी भइरहेको महिलाकरण र यसका प्रभावलाई सम्बोधन गर्न तत्काल नीतिगत, संस्थागत तथा प्राविधिक पक्षमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ ।

- वर्तमान पुरुषमैत्री या पुरुषकेन्द्रित प्रविधिलाई महिलामैत्री र सहज बनाउन आवश्यक
- जमिन माथिको स्वामित्व, निर्णय गर्ने अधिकार, प्रविधि र सेवा माथिको पहुँच साथै कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि आदिमा महिलालाई दक्ष बनाउने
- महिलाको सामाजिक पहिचान, उद्यमशीलता र सम्पत्ति र कृषिका स्रोतमाथिको पहुँच वृद्धि गर्ने खालका नीति तथा कार्यक्रमको निर्माण तथा कार्यान्वयन
- कृषिसम्बन्धी सम्पूर्ण नीति, रणनीति र योजनामा महिलाको भूमिका तथा योगदानमा महिलाको बढ्दो भूमिका र योगदानको आधारभित्र समीक्षा गरी महिलामैत्री नीति र योजनामा जोड दिने
- समूह, संगठन र सेवाप्रदायक संस्थालाई महिलामैत्री बनाउने
- कृषि प्रविधिलाई सहज, सरल र महिलामैत्री बनाउने

पारिवारिक तथा सामाजिक जीवनमा आएको परिवर्तनले ग्रामीण जनजीवनमा प्रभाव पार्दैछ भने यसले व्यक्तिगत तथा पारिवारिक जीवनमा पनि असर बढ्दै छ । कृषिमा महिलाको बढ्दो भूमिकालाई आत्मसात् गर्दै उनीहरूको क्षमता अभिवृद्धि र प्राविधिक ज्ञानमा वृद्धि गर्नाले वर्तमान पुरुषमैत्री या पुरुषकेन्द्रित प्रविधि महिलामैत्री तथा सहज बनाउनु आवश्यक छ ।

कृषिमा महिलाकरण बढाउने मुख्य कारण सामाजिक संरचना, बढ्दो पुरुष बाहिरिने क्रम र बदलिँदो घरायसी आर्थिक अवस्था हुन् । संरचनागत हिसाबले समाज वर्ग, जातीयता र लिंगका आधारमा सम्बन्ध तहगत छन्- जुन कृषि क्षेत्रमा पनि उस्तै देखिन्छ । महिला, आदिवासी, जनजाति र दलित समुदायको अहिले पनि कृषि श्रमको क्षेत्रमा ठूलो संलग्नता छ तर त्यत्तिकै मात्रामा उनीहरूको स्वामित्व र पहुँच भने छैन ।

महिलाको सामाजिक पहिचान, उद्यमशीलता, सम्पत्ति र कृषिका स्रोत साधन माथिको पहुँच वृद्धि गर्ने खालका नीति तथा कार्यक्रमको आवश्यकता देखिन्छ । महिलाले कृषिकर्म गर्न उत्साही महशुस गर्ने तथा उनीहरूले कृषि कर्मलाई बोझका रूपमा नलिने वातावरण सिर्जना गरिनु पर्दछ । जमिनमाथिको स्वामित्व, निर्णय गर्ने अधिकार, प्रविधि र सेवामाथिको पहुँच साथै कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि आदि महिलालाई दक्ष बनाउने महत्वपूर्ण आधार हुन् ।

# ७. सन्दर्भ सामग्री

**Acharya, M., & Bennett, L.** 1983. Women and the subsistence sector: Economic participation and household decision-making in Nepal. Washington DC. World Bank.

**Adhikari, J. and Hobley, M.** 2011. Everyone is leaving-who will sow our fields?: effects of migration from Khotang district to the Gulf and Malaysia, SDC: Helvetas.

**Benayas, J. R., Martins, A., Nicolau, J. M. and Schulz, J. J.** 2007. Abandonment of agricultural land: an overview of drivers and consequences. CAB reviews: perspectives in agriculture, veterinary science, nutrition and natural resources2(57): 1-14.

**CBS.** 2011. National population and housing census. In: STATISTICS, C. B.O. (ed.). Kathamandu: National Planning Commission Secretariat, Government of Nepal.

**Cornhiel, S.** 2006. Feminization of Agriculture: Trends and Driving Forces. Background Paper for the World Development Report. Rimisp-Latin American Center for Rural Development.

**Deere, C.D.** 2009. The Feminization of Agriculture?Economic Restructuring in Rural Latin America.In: RAZAVI, S. (ed.) The Gendered Impacts of Liveralization: Towards Embeded Liberalism? London/New York: Routledge.

**DoFE.** 2015. वार्षिक प्रगति बुलेटिन, २०७० ७१, श्रम तथा रोजगार मन्त्रालय, नेपाल सरकार।

**Gartaula, H. N. and Niehof, A.** 2010. Feminisation of agriculture as an effect of male out-migration: Unexpected outcomes from Jhapa district, eastern Nepal. The International Journal of Interdisciplinary Social Sciences, 5, 565-578.

**GoN.** 2015 . Agriculture Development Strategy (ADS) 2015-2035 . Kathmandu, Singhdurbar.

**Karki, A. and Seddon, D.** 2003. The People's War in Nepal: Left Perspectives (Ed).New Delhi: Adroit Publishers.

**Kelkar, G.** 2009. The Feminization of Agriculture in Asia: Implications for Women's Agency and Productivity.Food and Fertilizer Technology Center for the Asian and Pacific Region.

**Kollmair, M. and Hoermann, B.** 2011. Labor migration in the Himalayas: opportunities and challenges. Sustainable Mountain Development, 59, 3-8.

**Lal. R.** (2009). The Plow and Agriculture Sustainability.Journal of Sustainable Agriculture.

**Maharjan, A., Bauer, S. and Kneer, B.** 2012. Do rural women who stay behind benefit from male out-migration? A case study in the hills of Nepal.Gender, Technology and Development, 16, 95-123.

**MoAC.** 2010. Selected Indicators of Nepalese Agriculture and Population.Kathmandu: Ministry of Agriculture and Co-operatives (MoAC), Government of Nepal.

**Paudel, K.P., Bhattarai, T. and Tamang, S.** 2013. Agricultural Development Strategy: Current Situation and Civil Society's Perspective (in Nepali). Kathmand.ForestAction Nepal.

**Paudel, K.P., Tamang, S. and Shrestha, K.K.** 2014.Transforming land and livelihoods: Analysis of agriculture land abandonment in the mid hills of Nepal.Journal of Forest and Livelihood, 12.1.

**Paudel, K.P., Dahal, D., and Shah, R.** 2012. Abandoned Agriculture Land in Mid Hills of Nepal, Prepared by ForestAction Nepal and IUCN Nepal for ACIAR/ICRAF 2012.

**Rigg, J.,** 2006. Land, farming, livelihoods, and poverty: rethinking the links in the rural South. World Development34(1): 180-202.

**Seddon, D., Gurung, G . and Adhikari, J.** 1998. Foreign labor migration and the remittance economy of Nepal.Himalaya, the Journal of Association for Nepal and Himalayan Studies, 18 (2), 7.

**Sunam, R. and Adhikari, J.** 2016. How does Transnational Labour Migration Shape Food Security and Food Sovereignty? Evidence from Nepal.Anthropological Forum,

**Tamang, S.** 2011. Feminization of agriculture works and its impact on health status of women and their family health.Masters Dissertation, Patan Multiple Campus, Tribhwan University.

**Tamang,S., Paudel, K.P. and Shrestha,** K.K. 2014. Feminization of agriculture and its implications for food security in rural Nepal. Journal of Forest and Livelihood, 12, 1.

**TEPC.2016.**http://www.spotlightnepal.com /News/Article/Nepal-imports-agriculture-products-over-hundreed-b

**Whitehead, A.** 2009. The Gendered Impacts of Liberalization Policies on African Agricultural economies and Rural Livelihoods. In: :RAZAVI, S. (ed.) The Gendered Impacts of Liveralization: Towards Embeded Liberalism? London/New York: Routledge.

**World Bank.** 2002. Empowerment and Poverty Reduction.A Source Book.

**World Bank.** 2014. Migration and Development Brief 22.